# मिति २०६५।७।२३ मा संचालन हुने प्रारम्भिक परीक्षा
# सम्बन्धी विशेष सूचना

(१) राजपत्रांकित तृतीय श्रेणी अप्राविधिक तर्फका शाखा अधिकृत वा सो सरहका पदका लागि लिइने प्रारम्भिक परीक्षाको उत्तरपुस्तिका विद्युतीय माध्यमवाट परीक्षण गर्ने व्यवस्था गर्ने सम्बन्धी आयोगको मिति २०६३।२।२९ को निर्णय मुताविक सो सम्बन्धी पूर्वाधारहरु तयार भएको हुंदा मिति २०६५।७।२३ गते हुने प्रारम्भिक परीक्षाको उत्तरपुस्तिका विद्युतीय प्रणालीवाट समेत परीक्षण गरिने हुनाले देहाय बमोजिम गर्नु पर्ने सम्वन्धित सवैलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

(क) परीक्षार्थीहरुलाई उत्तरपुस्तिकामा भर्ने तरिका परीक्षा हलमा जानकारी गराइने व्यवस्था भएको हुँदा आफ्नो परीक्षा केन्द्रको कक्षाकोठामा आधा घण्टा अगाडि अनिवार्य प्रवेश गरीसक्नु पर्नेछ ।

(ख) यस परीक्षामा परीक्षार्थीले कालो मसी भएको कलम, डटपेन आदि मात्र प्रयोग गर्न पाइनेछ, पेन्सिल प्रयोग गर्न पाइने छैन ।

(२) उत्तरपुस्तिकामा सही तरिकाले भर्ने सम्बन्धमा ।

(क) प्रश्नपत्रको की "A "वा क" भएमा 'Ⓐ मा, B वा ख" भएमा 'Ⓑ मा, C वा ग" भएमा 'Ⓒ मा र D वा घ" भएमा Ⓓ मा घेरा भित्र कालो मसीले पुरा भर्नु पर्नेछ ।

(ख) प्रश्नको सही उत्तर "A वा क" भएमा 'Ⓐ मा, B वा ख" भएमा 'Ⓑ, मा C वा ग" भएमा 'Ⓒ मा र D वा घ" भएमा Ⓓ भएको घेरा भित्र पुरा भर्नु पर्नेछ ।

(ग) रोल नम्बरका प्रत्येक अंकहरुका लागि छुट्टाछुट्टै वायाँबाट क्रमैसंग छुट्टाछुट्टै कोलम (Column) मा सम्वन्धित अंक भएको घेरा भित्र पुरा भर्नु पर्नेछ ।

**उदाहरणको लागि :–**

- प्रश्नपत्रमा रहेको **की** उत्तरपुस्तिमा भर्ने जस्तै, **की – क अथवा A भएमा**
- उत्तर भर्ने जस्तै :-
  - प्रश्न – १ को सही उत्तर **Ⓐ** भएमा
  - प्रश्न – २७ को सही उत्तर **Ⓒ** भएमा
  - प्रश्न – ५१ को सही उत्तर **Ⓑ** भएमा
  - प्रश्न – ७८ को सही उत्तर **Ⓓ** भएमा

तल हेर्नुहोला ↓




# निर्देशन

**यो उत्तरपुस्तिका कम्प्यूटर प्रयोजनका लागि प्रयोग हुने हुंदा**
**निम्न निर्देशनहरु अनिवार्य पालना गर्नु पर्ने छ ।**

(१) (क) सर्वप्रथम आफ्नो रो.नं, नाम आदि बिवरण Answer – Sheet को तल दिइएको छ । **कालो मसि** भएको कलम वा डटमेनले भर्नुपर्नेछ । पेन्सीलको प्रयोग गर्न पाइने छैन ।
(ख) उत्तरपुस्तिकाको तल दायाँपट्टीको भागमा रहेको घेरामा आफ्नो रो.नं.का प्रत्येक अंकहरुका लागि छुट्टा छुट्टै बायाँवाट क्रमैसंग छुट्टा छुट्टै सम्बन्धित अंक भएको कोठामा भर्नु होला, नबुझिएमा परीक्षा सहायकहरुसंग सोध्न सकिनेछ ।
(ग) यदि प्रश्नपत्रमा **की** तथा बैकल्पिक उत्तरहरु देवनागरीको **क ख ग घ** मा रहेको रहेछ भने क लाई A, ख लाई B, ग लाई C, र घ लाई D, मानी घेरालाई भर्नु (Fill) होला ।

(२) उत्तरपुस्तिका दुरुस्त अवस्थामा बुझाउनु होला । भाच्ने र फोल्ड (fold) नगर्नुहोला ।

(३) प्रश्नपत्र प्राप्त भएपछि सवैभन्दा पहिला (क) (ख) (ग) (घ) अथवा (A) (B)(C)(D) मध्ये प्रश्नपत्रको **की** कुन हो ध्यान पूर्वक हेरी उक्त अक्षरलाई उत्तरपुस्तिकाको **की** लेखेको (A) (B)(C)(D) मध्ये जुन हो त्यसैमा कलमले भर्नुहोस ।

(४) (A) (B)(C) र (D) लेखिएका घेराभित्र मात्र होसियारीपूर्वक सही उत्तर भएका कुनै एक (Circle) घेरालाई मात्र **कालो मसि भएको कलमले** पूर्ण रुपले भर्नु होला ।

(५) एक पटक सहि उत्तर भनि गोलो घेरा कलमले Fill गरेपछि पुनः केरमेट नगर्नु होला, गरेमा उक्त प्रश्नको जवाफ गलत मानिने छ । परीक्षार्थीले दिइएका उत्तर गलत ठहरिएमा २०% अंक कट्टा गरिने छ ।

(६) Answer – Sheet मा अयन्त्र कतै कुनै प्रकारको लेख्ने, केर्ने काम नगर्नुहोला ।

(७) परीक्षा हल भित्र कागजात चिट, पुस्तक आदि ल्याउनु हुदैन । मोबाइल फोन (Cell Phone) अनिवार्य रुपमा स्वीच अफ गरेर राख्नु पर्दछ ।

(८) परिक्षार्थीले कुनै अनुचित कार्य परीक्षामा गरिएको पाइएमा परीक्षा स्थलबाट निस्कासन गरी निजको उत्तरपुस्तिका समेत रद्द गर्न सकिने छ र आयोगको निर्णय बमोजिम कारवाही हुनेछ ।

(९) वस्तुगत वहुउत्तरको प्रश्नपत्र अनिवार्य रुपमा उत्तरपुस्तिका संगै बुझाउनु पर्नेछ ।

(१०) उत्तरपुस्तिकामा **की** नभर्ने परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गर्न सकिने छैन ।

(११) उत्तरपुस्तिकामा Answer दिदां विज्ञापन नं आदि लेख्दा उत्तरपुस्तिकामा रहेको काला सेता लामा धस्रा रहेको अथवा Bar code रहेको स्थानमा कुनै प्रकारले नछुवाउनु होला ।